**लैंगिक हिंसा बिरुद्धको १६ दिने अभियान अन्तर्गत**
**प्रदेश १ बिराटनगरमा मंसिर ११ र १२ गते आयोजित लैंगिक हिंसा अन्त्यको लागि सरोकारवाला निकायको जिम्मेवारी र भूमिका बिषयक २ दिने अन्तरक्रिया कार्यक्रमको मंसिर ११ गतेको रिपोर्ट**

मंसिर ९ देखि २४ (२५ नोभेम्बर देखि १० डिसेम्बर) सम्म लैंगिक हिंसा विरुद्दको १६ दिने अभियान मनाउने सन्दर्भमा प्रदेश नम्बर १ बिराटनगरमा मंसिर ११ र १२ गते लैंगिक हिंसा अन्त्यको लागि सरोकारवाला निकायहरुको जिम्मेवारीर भूमिका विषयक अन्तरक्रिया कार्यक्रमको पहिलो दिन उल्लासमय वातावरणमा सम्पन्न भयो।

कार्यक्रममा प्रमुख अतिथि माननीय उप प्रधान तथा रक्षा मन्त्री ईश्वर पोखरेल, कार्यक्रमको अध्यक्षता माननीय मन्त्री थममाया थापा, प्रदेश नं १ का मुख्य मन्त्री शेरधन राई, प्रदेश सभाका माननीय सभामुख, आन्तरिक मामिला मन्त्री हिक्मत कुमार कार्की, सामाजिक विकास मन्त्री जीवन घिमिरे, प्रदेश सरकारका प्रमुख सचिव, मोरंग जिल्लाको प्रमुख जिल्ला अधिकारी लगायत प्रदेश मन्त्रालयका सचिवज्युहरु, प्रदेश सभाका माननीय सदस्यज्युहरु, स्थानीय तह नगरपालिका/गाउपालिकाका प्रमुख उपप्रमुख, पत्रकार तथा संचारकर्मी र अन्य सरोकारवाला संस्थाका पदाधिकारीहरुको समुपस्थितिमा कार्यक्रम संचालन भयो ।
उदघाटन सत्रको कार्यक्रममा सहभागीहरुलाई मन्त्रालयको तर्फबाट सहसचिव राधिका अर्यालज्यूले स्वागत मन्तव्य दिनुभएको थियो । त्यसै गरी विराटनगर महानगरपालिकाका प्रमुख, प्रदेश नं १ का सामाजिक विकास मन्त्री, प्रदेश सभाका सभामुख र प्रदेश नं १ का मुख्य मन्त्रीज्युले आ-आफ्नो मन्तव्यमा लैंगिक हिंसा अन्त्यको लागि सामुहिक प्रतिवद्धता जाहेर गर्नुभएको थियो।कार्यक्रममा प्रमुख अतिथि माननीय उप प्रधान तथा रक्षा मन्त्री इश्वर पोखरेलज्युले लैंगिक हिंसा ज्यादै संवेदनशील विषय भएकाले यसको अन्त्यको लागि सचेतनामुलक र जागरण कार्यक्र, सक्षम संस्थागत संयन्त्र, हिंसा अन्त्य गर्न ठोस कार्ययोजना, रचनात्मक जनदवाव, अनुगमन तथा मूल्यांकन हुनु पर्ने कुरामा जोड दिनु भएको थियो। लैंगिक हिंसा अन्त्यको बिषय राजनैतिक दलको तल्लो ईकाईको एजेन्डा हुनु पर्ने कुरामा प्रकाश पर्नु भयो। कार्यक्रमका अध्यक्ष माननीय मन्त्री थममाया थापाबाट उपस्थितिको लागि धन्यवाद ज्ञापन गर्दै उदघाटन सत्रको समापन गर्नुभयो।

मन्त्रालयका सहसचिव राधिका अर्यालले प्राबिधिक सत्रमा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले लैंगिक हिंसा अन्त्यको लागि चालेका कदमहरुको विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो। लैगिक हिंसाको वर्तमान प्रवृत्ती र नेपाल प्रहरीमा दर्ता भएका घटनाको विवरण समेत प्रस्तुत गर्नु भएको थियो। त्यसैगरी दोश्रो प्रस्तुतीकरण श्रोतव्यक्ति शर्मिला कार्कीले लैंगिक हिंसाको वर्तमान अवस्था कारण र रोकथामको लागि सुझाव प्रस्तुत गर्नुभएको थियो। यो कार्यक्रम महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको अगुवाइमा डिफिड तथा युनिसेफ समेतको सहयोग रहेको थियो।

कार्यक्रममा प्रदेश नं १ १४ वटै जिल्लाका स्थानीय जनप्रतिनिधिहरुको प्रतिनिधित्व रहेको थियो। कार्यक्रमको उदघाटन सत्रमा करिव ६०० जनाको सहभागिता रहेको थियो । जसमा स्थानीय जनप्रतिनिधि र प्रदेश सभाका सदस्यहरु १८४ जनाको सहभागिता रहेको थियो । आजको कार्यक्रमको अन्तिम समयमा समूह कार्यका लागि ५ वटा समूह विभाजन गरिएको थियो । जसमा समुह १ मोरङ र ताप्लेजुङ, समूह २ सुनसरी, खोटांग र ओखलढुंगा, समूह ३ भोजपुर, संखुवासभा र उदयपुर, समूह ४ धनकुटा, झापा र सोलिखुम्बु, समूह ५ पाँचथर, ईलाम र तेह्रथुम गरी समूह विभाजन विभाजन गरिएको थियो । भोली ८.०० बजे भेला हुने गरी कार्यक्रम समापन गरियो ।